नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
शैक्षिक योजना तथा विकास महाशाखा
शिक्षक व्यवस्थापन समन्वय शाखा
सानोठिमी, भक्तपुर

प.सं. २०७८।०७९/शि.व्य.
चलानी नं ३४

फोन: ६६३५११३
Section email : teachermgt.cehrd@gmail.com

मितिः २०७८।०४।२४

विषयः रिक्त दरबन्दी विवरण पठाउने सम्बन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ,

सबै ।

प्रस्तुत विषयमा गत आर्थिक वर्षको चैत्र मसान्त सम्मको रिक्त स्थायी दरबन्दी विवरण (प्रा.वि., नि.मा.वि. र मा.वि) शिक्षक सेवा आयोग मार्फत विज्ञापन प्रयोजनको लागि माग भएकोमा सो विवरणमा अद्यावधिक गरी वि.स. २०७८ साल चैत्र मसान्त सम्म रिक्त हुने (पछि फरक नपर्ने गरी र पुरानो माग भइ आएको विवरणमा नघट्ने गरी) दरबन्दीको विवरण तपसिलमा उल्लेखित ढाँचा बमोजिम २०७८।०५।१० गते भित्र अनिवार्य रुपमा यस केन्द्रको teachermgt.cehrd@gmail.com मा अनिवार्य रुपमा पठाइदिनु हुन अनुरोध छ । साथै जिल्लाले स्थानीय तहहरुको तहगत रुपमा रिक्त विवरण एकीन गरी राख्नु हुन र सोही रिक्त दरबन्दीमा स्थायी शिक्षक पदस्थापना हुने व्यहोरा समेत निर्देशानुसार अनुरोध छ ।

**तपसिलः**

बसन्तप्रसाद कोइराला

निर्देशक

१) दरबन्दी कट्टा हुने जिल्लाहरु तेह्रथुम, काठमाण्डौ, भक्तपुर, ललितपुर, पाल्पा, मनाङ, मुस्ताङ, लम्जुङ, म्याग्दी, पर्वत, स्याङ्जा, तनहुँ, अर्घाखाँची र डोल्पा जिल्लाहरुको हकमा स्थानीय तहगत खुद पुल दरबन्दी रहेको तह एकीन गर्ने र सो तहमा खुद पुल दरबन्दी रहे सम्मको रिक्त स्थायी दरबन्दी विज्ञापनको लागि माग नगर्ने र बाँकी रिक्त दरबन्दीको हकमा मात्र विज्ञापनको लागि माग गर्ने ।

२) रिक्त स्थायी दरबन्दी थप भएका उदयपुर, सिन्धुली, मकवानपुर, दोलखा, नुवाकोट, धादिङ, नवलपरासी पूर्व, वाग्लुङ, जाजरकोट जिल्लाहरुको हकमा यस पत्र अनुसारको विवरण पठाउँदाको मिति सम्म यस केन्द्रबाट दरबन्दी थप भएका र जिल्ला भित्रका मौजुदा स्थायी दरबन्दी रिक्त भएको भए सो समेत वि.स. २०७८ चैत्र मसान्त सम्मको रिक्त दरबन्दीको विवरण पठाउनु हुन ।

३) बुदाँ (१) र (२)मा उल्लेख भएको जिल्लाहरु बाहेक अन्य जिल्लाहरुको हकमा वि.स. २०७८ चैत्र मसान्त सम्मको रिक्त स्थायी दरबन्दीको (यस अघि यस केन्द्रमा विज्ञापनको लागि पठाएको विवरण समेत गणना गरी)तहगत तथा विषयगत विवरण खुलाई तोकिएकै मिति भित्र आइपुग्ने गरी विवरण पठाउनु हुन ।

४) तोकिएको मिति भित्र विवरण प्राप्त नभएमा वा विववरण फरक परेमा सो को जिम्मेवारी सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइले नै लिनु पर्ने भएकोले स्थानीय तहहरु सँग विवरण माग गरी रिक्त रहेका सबै विवरण पदपूर्तिको लागि यस केन्द्रमा पठाउने व्यवस्था गर्नु हुन । विवरण प्राप्त नभएमा राष्ट्रिय किताबखाना (शिक्षक)बाट रिक्त दरबन्दीको विवरण माग गरी विज्ञापन गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

Scanned by TapScanner

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
शैक्षिक योजना तथा विकास महाशाखा
शिक्षक व्यवस्थापन समन्वय शाखा
सानोठिमी, भक्तपुर

प.सं. २०७८।०७९/शि.व्य.
चलानी नं
फोन: ६६३५११३
Section email : teachermgt.cehrd@gmail.com

५) रिक्त दरबन्दी सम्बन्धी विवरण पठाउँदा पत्र पठाउदाँको मिति सम्मको रिक्त विवरण र सो पछि वि.स. २०७८ साल चैत्र मसान्त सम्म रिक्त हुने दरबन्दीको विवरण तपसिलको ढाँचामा अलग अलग पठाउनु हुन अनुरोध छ ।

विवरण पठाउने ढाँचा: जिल्ला :

प्राथमिक तहको रिक्त दरबन्दी विवरण :

(क) तह : प्रा.वि. तृतिय (खुल्ला)

| क्र.स. | तह | रिक्त संख्या |
|---|---|---|
| १ | प्रा.वि तह | |
| | | |

(ख) तह: निम्न माध्यमिक तह तृतिय (खुल्ला)

| क्र.स. | तह | नेपाली | अंग्रेजी | सामाजिक | गणित विज्ञान | गणित | विज्ञान | ऐ. प्रथम ......... | ऐ. द्वितिय ......... |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | नि.मा.वि. | | | | | | | | |

(ग) तह: माध्यमिक तह तृतिय (खुल्ला)

| क्र. स. | तह | नेपाली | अंग्रेजी | सामाजिक | गणित | विज्ञान | ऐ. प्रथम ......... | ऐ. द्वितिय ......... | जम्मा संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | मा.वि. | | | | | | | | |

ऐच्छिक प्रथम र द्वितिय विषयको हकमा एक भन्दा बढी विषयहरु भए कैफियत महल थप गरी प्रत्येक विषयको नाम र संख्या उल्लेख गर्नु पर्नेछ ।

Scanned by TapScanner